नेपाल बीमक संघ
Nepal Insurers' Association

जि.प्र.का. काठमाडौं दर्ता नं.: ५०१/०५३/५४
स.क.प. दर्ता नं.: ४१४७४
स्थायी लेखा नं. ६०२९०६२६३
त्रिपुरेश्वर, काठमाडौं

पत्र संख्या:
चलानी नं.

मिति: २०८०/११/२३

# कृषि सम्बन्धि बीमालेख पुरा बीमाशुल्क प्राप्त भएपछि मात्र जारी हुने सम्बन्धमा नेपाल बीमक संघबाट जारी प्रेस विज्ञप्ती

नेपाल सरकारले मिति २०६९ साल देखि कृषक र कृषिलाई प्राथमिकता दिई कृषि बीमाशुल्कमा कमश: अनुदान दिदै आएको सर्व विदितै छ। विगत १० वर्ष देखि बीमा कम्पनीहरुले नियामक निकाय नेपाल बीमा प्राधिकरणको निर्देशिका बमोजिम कृषि बीमालेख जारी गर्ने, क्षती हुँदा क्षतीको दावी भूक्तानी गर्ने तर सरकारले तोकेको अनुदान सामान्यतया १ वर्ष पश्चात मात्र प्राप्त हुने गरेकोछ। नेपाल सरकारले कृषि बीमाशुल्कमा तोकेको अनुदान रकम बीमा कम्पनीहरुलाई दिन हाल सम्म करिब रु. २ अर्व बाँकी रहेको छ। उपरोक्त अनुदान रकम उपलब्ध गराउन नेपाल सरकार कृषि तथा पशुपंछि मन्त्रालय, कृषि विभाग र नेपाल बीमा प्राधिकरणलाई पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा समेत हाल सम्म प्राप्त नभएको कारणले बीमा कम्पनीहरु अत्यधिक जोखिममा रहेकाछन्।

बीमा ऐन २०७९ अनुसार बीमालेखहरु उधारोमा जारी गर्न नपाइने भएकोले नेपाल सरकार, कृषि मन्त्रालय तथा विभागहरुलाई पटक पटक जानकारी गराईएको हो। तसर्थ, यहि मिति २०८० साल चैत्र ०१ गते देखि कृषि संग सम्बन्धित बीमालेखको पनि बीमाशुल्क पुरा भूक्तान नभए सम्म बीमालेख जारी नहुने व्यहोरा सर्वसाधारण तथा सम्पूर्ण सरोकारवाला निकायलाई जानकारी गराउँदछौ। यसबाट कृषि बीमा गर्ने बीमितहरुमा पर्न जाने असर प्रति क्षमाप्रार्थी छौं। धन्यवाद।

नेपाल बीमक संघ
त्रिपूरेश्वर, काठमाण्डौ।

Nepal Insurers' Association NIA Nepal